# धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## धनगढी, कैलाली
### सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. ०७९/०८० (स.शा.)
च.नं.

मितिः २०७९/५/२८

**विषयः घुम्तीकोष अनुदान सम्बन्धी सूचना ।**

उपरोक्त सम्बन्धमा धनगढी उप-महानगरपालिकाको आ.व.२०७९/०८०को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालयको नियमन क्षेत्राधिकार भित्र रहेका सहकारी संस्थाहरुलाई सहकारी मार्फत उत्पादनसंग जोडीएका सदस्यहरुलाई आलोपालो मिलाई ऋण प्रदान गर्ने घुम्तीकोष अनुदान कार्यक्रम रहेकोले देहायका सर्तहरु पुरा गर्ने इच्छुक सहकारी संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सहकारी संस्थालाई अनुदान वितरण निर्देशिका २०७८ को अनुसूची-२ बमोजिमको प्रस्ताव पेश गर्न हुन सम्बन्धीत सवैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

१. **दर्खास्त पेश गर्ने सहकारी संस्थाले पुरा गर्नु पर्ने सर्तहरुः**

(क) भाखा नाघेको ऋण कुल ऋणको पाँच प्रतिशत भन्दा बढी नभएको हुनु पर्ने ।

(ख) प्रत्येक वर्ष लेखा परिक्षण र साधारण सभां सम्पन्न गरेको हुनु पर्नेछ ।

(ग) संचित नोक्सानीमा नरहेको हुनु पर्ने ।

(घ) दर्ता भएको २ (दुई) वर्ष पूरा भएको ।

(ङ) घुम्तीकोषबाट परिचालन गरिने ऋणको व्याज दर बढीमा दश प्रतिशत कायम गर्नु पर्नेछ ।

२. **प्रस्ताव साथ पेश गर्नु पर्ने कागजातहरुः**

(क) संचालक समितिको निर्णयको प्रतिलिपि ।

(ख) पछिल्लो दुई वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि ।

(ग) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) लागत सहभागिताको प्रतिबद्धता पत्र।

(ङ) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

(च) वडा कार्यालयबाट निवकरण भएको संस्थाको कारोबार दर्ता प्रमाण पत्रको प्रतिलिप ।

३. **प्रस्ताव पेश गर्ने अन्तिम मितिः २०७९ असोज १२ गते सम्म**

४. **प्रस्ताव पेश गर्ने स्थानः**

धनगढी उप-महानगरपालिका
नागर कार्यपालिकाको कार्यालय, सहकारी शाखा

..............................
(रामलाल श्रेष्ठ)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत